नेपाल बीमक संघ
Nepal Insurers' Association

जि.प्र.का. काठमाडौं दर्ता नं.: ५०१/०५३/५४
स.क.प. दर्ता नं.: ४१४७४
स्थायी लेखा नं. ६०२९०६२६३
त्रिपुरेश्वर, काठमाडौं

२०८०।१०।१४

पत्र संख्याः २०८०/८१
चलानी नं. ५२

मितिः ........

माननीय सभापति ज्यू,
सार्वजनिक लेखा समिति
प्रतिनिधि सभा,
सिंहदरबार, काठमाडौं ।

विषयः कोरोना भाइरस (COVID-19) बीमाको दावी रकम सम्बन्धमा ।

महोदय,

**१. पृष्टभूमिः**

सन् २०१९ को अन्त्यतिर चिनबाट शुरु भएको कोरोना भाइरस रोग विश्वव्यापी रुपमा फैलिदै नेपालमा पनि २०७६ सालको मंसिर–पौषबाट देखा पर्न थालेको र क्रमशः व्यापक हुँदै गएपछि यस रोगको औषधी उपचार नभएको, मृत्युदर बढी भएको कारण थप संक्रमण फैलन नदिनको लागि २०७६ चैत्रबाट देशमा लकडाउन शुरु भएको सर्वविदितै छ । यो समय अत्यन्त भयावह र सन्त्रासको समय थियो । सम्पूर्ण व्यापार–व्यवसाय, सरकारी–निजी कार्यालयहरु, स्कूल, कलेज, यातायात पूर्ण रुपमा ठप्प थियो । जनजीवन अत्यन्त कष्टकर थियो ।

यसै बीचमा मिति २०७७।०१।०४ मा तात्कालिन बीमा समिति (हाल नेपाल बीमा प्राधिकरण) ले प्रेस विज्ञप्ति जारी गर्दै कोरोना भाइरस (COVID-19) बीमालेख जारी गर्न निर्जीवन बीमा कम्पनीहरुलाई निर्देशन जारी गऱ्यो, जसले गर्दा नियामक निकायको निर्देशन कानून सरह पालना गर्न बीमा कम्पनीहरु बाध्य हुनु पर्ने यथार्थ सबै सामु प्रष्ट छ । सो विज्ञप्तिको प्रति यसै साथ संलग्न छ ।

**२. कोरोना बीमा सम्बन्धी व्यवस्थाः**

बीमा समितिले निर्देशन जारी गरे पश्चात निम्न बमोजिम व्यवस्था भएको थियो ।

(क) नेपाल सरकारको आर्थिक बर्ष २०७७।०७८ को बजेट बक्तब्यको बुँदा नं. ५५ र २८५ मा कोरोना बीमाको बीमाशुल्कमा अनुदान सम्बन्धी व्यवस्था भयो ।

प्रतिनिधि सभा
सार्वजनिक लेखा समिति
२०७५
२०८०।१०।१६

(ख) तर महामारीको बीमा संसारमा नै नहुने प्रावधान अनुरुप यसको दायित्व असिमित हुने र पुनर्बीमा समेत नहुने हुँदा कम्पनीहरुले धान्न नसक्ने ब्यहोराको जानकारी बीमा कम्पनीहरुको तर्फबाट बीमा समिति र नेपाल बीमक संघमा पेश भयो ।

(ग) सो कुरा मनासिव भएकोले नेपाल बीमक संघको मिति २०७७।०२।२२ को पत्र मार्फत कोरोना बीमालेख स्थगन गर्न बीमा समितिलाई अनुरोध गरियो ।

(घ) कोरोना बीमालेख स्थगन गर्न माग भएसँगै बीमा समितिको मिति २०७७।०२।२२ को पत्रबाट मिति २०७७।०२।२३ देखि लागु हुन गरी कोरोना बीमा स्थगन गर्न बीमा कम्पनीहरुलाई निर्देशन पनि जारी भएको थियो । तर, कोरोना बीमा नेपाल सरकारको कार्यक्रम भएकोले नेपाल सरकारको निर्देशन बमोजिम बीमा समितिले मिति २०७७।०२।२३ मा पुनः प्रेस विज्ञप्ति जारी गरी पुनः कोरोना बीमा सुचारु गर्न निर्जीवन बीमा कम्पनीहरुलाई निर्देशन जारी भयो ।

(ङ) अनिश्चित दायित्व भएको बीमा गर्न नसकिने भएकोले सो बीमा गर्न नसकिने भनिएकोमा दायित्व निश्चित गरी बीमा गर्न निर्देशन प्राप्त भयो ।

**३. दायित्व सम्बन्धी विवरण:**

कोरोना बीमाको दायित्व निश्चित भएसँगै निम्न बमोजिम हुने गरी बीमा कम्पनी, नेपाल पुनर्बीमा कम्पनी, बीमा समिति र सरकारको दायित्व निर्धारण गरियो ।

(क) पहिलो १०,००० संख्या सम्मको दावी अर्थात रु. १ अर्बसम्म बीमा कम्पनीहरुले भुक्तान गर्ने,

(ख) त्यसपछिको थप १०,००० संख्या सम्मको दावी अर्थात रु.१ अर्ब नेपाल पुनर्बीमा कम्पनीले ब्यहोर्ने,

(ग) त्यसपछिको ५,००० संख्या सम्मको दावी अर्थात रु.५० करोड बीमा कम्पनीहरुको महाविपत्ति कोषबाट ब्यहोर्ने,

(घ) त्यसपछिको १०,००० संख्या सम्मको दावी अर्थात रु.१ अर्ब दावी बीमा समितिले ब्यहोर्ने,

(ङ) त्यस भन्दा माथिको दावी नेपाल सरकारले ब्यहोर्ने सहमति बमोजिम उक्त बीमा पुनः सुचारु गरियो ।

(च) तत्पश्चात बीमा समितिबाट कोरोना बीमा मापदण्ड, २०७७ जारी भयो । सो मापदण्डको दफा १२ बमोजिम दावीको बाँडफाँड अनुसूचि ७ मा गरिएको छ । सो मापदण्डमा ३.५ अर्बभन्दा माथिको हकमा नेपाल सरकारले दायित्व ब्यहोर्ने उल्लेख भएको छ । सो मापदण्डमा नेपाल सरकार (सचिव स्तर) को मिति २०७७।०४।१६ को निर्णयानुसार सहमति प्रदान गरिएको भनी मिति २०७७।०४।१८ मा पत्राचार भएको छ। पत्राचार सम्बन्धी कागजात संलग्न छ ।

**४. औचित्य:**

नेपाल सरकारको बचनबद्धता र नियामकको निर्देशन बमोजिम निर्जीवन बीमा कम्पनीहरुले कोरोना बीमालेख जारी गरेका हुन् । मापदण्डमा उल्लेखित दायित्वको सिमासम्म बीमकहरु, नेपाल पुनर्बीमा कम्पनी, बीमकको महाविपत्ति कोष र बीमा समितिबाट भुक्तानी भै सकेको छ । सो अनुसार करिब १२

प्रतिनिधि सभा
सार्वजनिक लेखा समिति
२०७५

अर्बको बाँकी रकमको दायित्व नेपाल सरकारमा रहेकोमा गत बर्ष १ अर्ब मात्र निकासा भै करिब ११ अर्ब निकासा हुन बाँकी रहेको छ ।

आम सर्वसाधारण, कानून बमोजिम दर्ता भएका कम्पनी, संस्थाहरुको अन्तिम विश्वासको केन्द्र भनेको देशको सरकार नै हो । देशको सरकारको बचनबद्धता समेत पालन नभएमा कसको विश्वास गर्ने भन्ने प्रश्न उब्जिएको छ । आज आम नागरिकहरु सरकारको मुख ताकेर बसिरहेका छन् ।

भर्खरै बीमा सम्बन्धी केही सचेतना बृद्धि भएको अवस्थामा बीमालाई हरेक नागरिकसम्म पुऱ्याउनु पर्नेमा ठूलो संख्यामा बीमा गरेका नागरिकहरुले बीमा दावी भुक्तानी नपाउँदा बीमा कम्पनी प्रतिको विश्वसनीयतामा ठूलो धक्का लागेको छ । देशको राजश्वमा मूल्य अभिबृद्धि कर तथा आयकरको माध्यमबाट बीमा कम्पनीहरुले योगदान पुऱ्याउँदै आएका छन् । देशका नागरिकहरुलाई रोजगारी प्रदान गर्दै देशवासीको धनजनको क्षति, हानी–नोक्सानीमा मल्हमपट्टी गर्दै आएको क्षेत्रलाई यो घटनाले नराम्रो असर पारेको छ । जसको निरुपण गर्ने दायित्व सरकारको नै हो ।

५. अनुरोधः

आम जनमानसमा बीमा सम्बन्धी सकारात्मक प्रभाव परोस्, बीमा गरेपछि दावी पाइन्छ भन्ने कुरामा ढुक्क हुन र आफ्नो सम्पत्तिको बीमा गरुन्, यसले सरकारको राजश्वमा पनि उल्लेख्य बृद्धि होस् भन्ने मनसायका साथ निर्जीवन बीमा कम्पनीको छाता संगठनको रुपमा रहेको यस संघ सार्वभौम जनताको प्रतिनिधिमूलक देशको सर्वोच्च संस्था विधायिकाको सार्वजनिक लेखा समिति समक्ष सरकारको प्रतिवद्धता अनुरुप कोरोना बीमाको दावी भुक्तानी गर्न रकमको निकासाको लागि नेपाल सरकारलाई निर्देशन प्रदान गरी दिनु हुन हार्दिक अनुरोध गर्दछ ।

स–धन्यवाद ।

.................................
अशोक कुमार खड्का
महासचिव

...............
चंकी क्षेत्री
अध्यक्ष

संलग्नः
माथि उल्लेख भए बमोजिमका कागजातहरु ।

प्रति... सभा
सार्वजनिक लेखा समिति
२०७९